# आर्थिक बर्ष २०७४।७५ को नीति तथा कार्यक्रम

जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०७४

नगर सभाको बैठकमा २०७४ साल असार ३० गते

शुक्रबार

# आर्थिक बर्ष २०७४।७५ को जैमिनी  नगरपालिकाको नीति तथा कार्यक्रम

नगर सभाका सदस्यज्यूहरु,

१ **नेपालमा भएका धैरै परिवर्तनहरु २००७ साल, २०३६ साल, २०४६ साल र २०६२/०६३ सम्म आइपुग्दा नेपाल संघीय गणतन्त्रात्मक देश वन्न पुगेको छ । संघीय राज्य प्रणालीबाट विश्वका केही मुलुकहरु सुशासनयुक्त सम्पन्न र शक्तिशाली वन्न पुगेका छन् । हाम्रो देशमा पनि संघीय माध्यमबाट नै प्रगतिमा पुग्ने लक्ष्य राखिएको छ । स्थानिय तहको शक्ति हस्तान्तरण र श्रोत परिचालनबाट छिटो प्रगति हुने विश्वास संविधानले लिएको छ । हाम्रा जस्ता नयाँ नगपालिकाहरुले श्रोत जुटाउन र परिचालन गर्न त्यति सहज छैन् तथापि जन श्रम पत्यक्ष र अप्रत्यक्ष करको खोजिबाट स्थानिय तहलाई आत्म निर्भर वनाउन कोसिस गरिने छ । जनताका सेवालाई सहज र सरल वनाउन सुशासनमा वढी ध्यान दिइने छ । हामी सँग प्राप्त श्रोत साधनलाई वढी भन्दा वढी प्रयोग गरेर जनप्रतिनिधिहरुको निगरानीमा जनउपयोगी वनाइने छ । कर्मचारी र जनप्रतिनिधिको सामूहिक प्रयासबाट लोकतान्त्रिक मूलय र मान्यतालाई जनहितमा प्रयोग गरिने छ** । राज्यको स्वरुप तीन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात संघीयता कार्यान्वयनको चरणमा विभिन्न ७४४ वटा स्थानीय तहको स्थापना भएको छ ।स्थानीय तहलाई जनप्रतिनिधिमूलक बनाउने क्रममा बिभिन्न चरणमा स्थानीय तहको निर्वाचन समेत सम्पन्न हुने क्रममा छ । यसै क्रममा यही २०७४।०१।३१ गते **जैमिनी** नगरपालिकाको निर्वाचन समेत सम्पन्न भई नगर सभा, नगर कार्यपालिकाले पूर्णता पाइसकेको छ ।नगरबासीले उच्च विश्वासका साथ निर्वाचित गराई नगर विकासको साँचो यस निर्वाचित प्रर्तिनिधिहरुको हातमा सुम्पनुभएकोमा जनमतको उच्च सम्मान गर्दै नगरवासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित आफ्नो अमूल्य मतसहित विजयी गराउनुभएकोमा विजयी उम्मेदवारहरुको तर्फबाट धन्यबाद समेत व्यक्त गर्न चाहन्छु ।

२ **लामो समय सम्म स्थानिय तह जनप्रतिनिधि विहीन रहेको अवस्था विद्यमान थियो । यसवाट जन्मिएका कतिपय असजिलाहरु अहिले पनि छन् । यी असजिलाहरुलाई कर्मचारी र जनप्रतिनिधिहरुको संयुक्त प्रयासवाट सहजतामा वदलिने छ । सवै वडा कार्यालय र नगरपालिका समेत नागरिक मैत्री हुनेछन् । स्थानिय तहमा जाँदा हुन सक्ने कर्मचारी मित्रहरुको मानसिक द्विविधालाई जनप्रतिनिधिहरुको सहिष्णु र मैत्रीपूर्ण व्यवहार साथै राष्ट्रसेवाको माध्यमवाट उर्जाशिल वनाईने छ । इमान्दारिता, कर्तव्यप्रायणता र पारर्दशिता कार्य सम्पादनका माध्यम हुने छन् । शिक्षा जनचाहना अनुकुलको र विद्यार्थी मैत्री हुने छ । स्वास्थ्य सेवाहरुलाई समयानुकुल र जनउपयोगी वनाइने छ । युवाहरुलाई स्वरोजगारउन्मुख हुन उत्प्रेरित गरिने छ। समयमा कार्य सम्पादन गर्न र गुणस्तरीय कार्य गर्न रोजगार मुलक तालिमहरु संचालन हुने छन् ।**

३ **पूर्वाधारहरुको निर्माणमा बाटोलाई पहिलो प्राथमिकता दिइने छ । ट्रयाक निर्माण गरेर सवै वडाहरुलाई नगरपालिकाको सदरमुकाम जोड्ने काम आर्थिक वर्ष २०७४/०७५ मा नै गरिने छ ।**

नगरपालिकाका मुख्य बाटाहरुको स्तरोन्नति गर्नका लागि यो आगामी आर्थिक वर्षबाट नै कामको थालनी गरिने छ । पाँच वर्ष भित्रमा नगरपालिका भित्रका मुख्य बाटाहरु सदरमुकाम (नगरपालिका सदरमुकाम) बाट नाली र ग्रावेलयुक्त भएर बाह्रै महिना सुगमता सँग चल्ने वनाइने छ । साथै जैमिनी नगरपालिकाको सडक गुरु योजना निर्माण गरि नगरपालिकालाई रिङरोड आवद्ध वनाउने लक्ष्य राखिएको छ । थप पाँच वर्षमा नगरपालिका का प्रमुख सडकहरु कालोपत्रे समेत हुनसक्ने लक्ष्य नगरपालिकाको छ । नगरपालिकाको सदरमुकामलाइ यसै वर्ष नै परिर्वतनको अनुभुती दिने वनाइने छ । आगामी आर्थिक वर्षमा नै तत्कालिन उच्च मा.वि. अहिलेका माध्यमिक विद्यालयहरुलाई निर्माण कामको सुगमतालाई ध्यानमा राखेर ट्र्याक जोड्ने काम गरिने छ । एवं रितले थप तिन वर्षमा (१ - ८, १ - ५, १- ३) आधारभूत विद्यालयहरुलाई पनि बाटाको ट्र्याकले जोडिने छ । नगरपालिकाको आय वृद्धि गर्न मद्दत गर्ने गिटी, वालुवासँगका नाकाहरु जोडिने छन् ।

४ धार्मिक पर्यटन क्षेत्रहरु : माइकाथान, वेलवगर राधाकृष्ण मन्दिर एवं गाईथुनेघाट र जैमिनीघाट जस्ता अरु थानहरुको पनि पहिचान गरी पर्यटन प्रवर्धनका लागि अगाडि बढिने छ । त्यस्तै प्राकृतिक पर्यटनका लागि हाडीकोट, पुरानो गाँउ, गाजाको दह जस्ता क्षेत्रलाई कसरी उपयोगमा ल्याउन सकिन्छ यस विषयमा पनि जैमिनी नगरपालिका लाग्ने छ । यो नगरपालिका का पुराना विभिन्न पेशा र व्यवसायलाई आधुनिकीकरण गर्दै संरक्षण र संवर्धनमा नगरपालिका लाग्ने छ । साथै पर्यटन विकास का लागी पर्यटन गुरु योजना निर्माण गरिनेछ ।

५ अर्गानिक खेतीको प्रचार प्रसार र पुराना खेतीहरु कोदो, मकै र पुराना धानहरुको खोजी अनुसन्धान गर्दै आधुनिक खेती प्रणाली र नगदेवालीको प्रवर्धनमा विशेष जोड दिने नगरपालिकाको कृषि नीति रहेको छ । जसबाट नगरपालिका खाध्यान्नमा आत्मनिर्भर वन्न सक्दछ ।

६ सिंचाई, खानेपानि, घोरेटो बाटाहरुको पनि आवश्यकता पहिचान गरेर थप व्यवस्थित गर्न नगरपालिका लागि पर्नेछ । विद्यालयहरुको मर्मत संभार, गृहविहिनहरुको तथ्याङ्क सङ्कलन, गरीवीको रेखामुनी रहेका मानिसहरुको वास्तविक पहिचान, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खोजी र दीर्घ र खर्चिला (मृगौला,क्यान्सर,कलेजो र मुटु ) रोगहरुवाट पीडित मानिसहरुलाई सरल ढङ्गले उपचारको खोजी र सहयोगको वातावरण निर्माण गरिने छ । समाजमा पछाडी परे पारिएका जाति र समुदाय, महिला, एकल महिला, अपाङ्ग, वालवालिकाको हक हितको संरक्षण र संवर्धन गरिने छ ।

७ नगरपालिकालाई सरसफाइ र सुन्दरता युक्त बनाउन “सुन्दर गाँउ टोल अभियान” का माध्यमबाट प्रत्येक घरलाई पुरस्कार प्राप्त गर्न क्रियाशिल वनाईने छ । यसै गरेर विद्यालयहरुलाई पनि “मनग्य सिकाइ शान्त सुन्दर विद्यालय” को अभियानबाट प्रतिस्पर्धी गराइने छ । विकास निर्माणका काममा पनि वडा वडा विचको तुलना र मुल्याङ्कन गरी पुरस्कृत गरिने छ । मदिरा जस्ता लागु पदार्थबाट जनस्वास्थ्य र जनहितमा असर पर्न नदिन चेतनामूलक र व्यावहारिक क्रियाकलापहरु गरिने छन् । नगरपालिकालाई नमुना नगरपालिका, सुन्दर नगरपालिका बनाउन जनप्रतिनिधीहरु कर्मचारीहरु राजनितीक पार्टीका नेता तथा कार्यकर्ताहरु आम नागरिकहरु जुट्नुपर्ने आग्रह र जुट्ने प्रतविद्धता व्यक्त गर्न चाहन्छु ।

८ राज्यको स्वरुप तीन तहको रहने गरी नेपालको संविधान २०७२ ले निर्धारण गरे पश्चात संघीयता कार्यान्वयनको चरणमा विभिन्न ७४४ वटा स्थानीय तहको स्थापना भएको छ ।स्थानीय तहलाई जनप्रतिनिधिमूलक बनाउने क्रममा बिभिन्न चरणमा स्थानीय तहको निर्वाचन समेत सम्पन्न हुने क्रममा छ । यसै क्रममा यही २०७४।०१।३१ गते

जैमिनी नगरपालिकाको निर्वाचन समेत सम्पन्न भई नगर सभा, नगर कार्यपालिकाले पूर्णता पाइसकेको छ ।नगरबासीले उच्च विश्वासका साथ निर्वाचित गराई नगर विकासको साँचो यस निर्वाचित प्रतिनिधिहरुको हातमा सुम्पनुभएकोमा जनमतको उच्च सम्मान गर्दै नगरवासीको चाहना अनुरुप कार्यसम्पादन गर्ने प्रतिबद्धतासहित आफ्नो अमूल्य मतसहित विजयी गराउनुभएकोमा विजयी उम्मेदवारहरुको तर्फबाट धन्यबाद समेत व्यक्त गर्न चाहन्छु ।

९ हाम्रो ध्यान समृद्ध जैमिनी नगरको निर्माणमा केन्द्रित भएको छ

नगरपालिकालाई समृद्ध, आधुनिक बनाउनका लागि बिभिन्न नीतिगत उद्घघोषहरु सहित कार्यात्मक सुधारमा जोड दिइनेछ ।

१० नगर क्षेत्रको सम्पूर्ण बिबरण खुल्ने गरी नगर प्रोफाइल तयार गरी आगामी वर्षको बजेट तथा योजना तर्जुमा कार्यलाई अझ ब्यबस्थित बनाइनेछ ।

११ स्थानीय तह सञ्चालनका लागि आबश्यक बिभिन्न नीति, अल्पकालिन तथा दीर्घकालिन योजना तथा कानुनहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

१२ नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरिनेछ ।

१३ घर भाडा, व्यवसाय तथा सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याउनुका साथै नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रबर्धन गरिनेछ ।

१४ स्वेच्छिक रुपमा कर तिर्ने मनस्थितिको विकास गर्न सम्बन्धित क्षेत्रबाट उठेको करलाई सम्बन्धित क्षेत्रको समेत विकासमा आबद्ध गर्नेतर्फ ध्यान दिदै करदाता सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५ अन्तरिक श्रोतहरुको खोजी गर्दै एकीकृत सम्पत्ति कर लागु गर्ने पूर्वाधारको सिर्जना गरिनेछ ।

१६ सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुँचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, ई गभर्नेन्सको प्रयोग,

सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारीतन्त्रको विकास गरि सुशासनको प्रत्याभुति प्रदान गरिने छ ।

१७ सुशासन, मौलिक हक, मानव अधिकारको प्रबर्धन, विधिको शासन स्थापना गर्ने कार्यदिशा तय गरिएको छ।

१८ प्रत्येक वडा कार्यालयलाई पूर्वाधारसम्पन्न बनाई सेवा प्रवाहलाई व्यवस्थित बनाइनेछ ।

१९ नगरपालिका निर्माणका लागि अन्य स्थानीय तहसँग सहकार्य, विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नगरपालिकासँग सम्बन्ध स्थापित गरी अघि बढिनेछ ।

२० सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिइ कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

२१ चालु खर्चको न्यूनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारिता र प्रतिफल बढाउने, राजस्वका श्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने दिशामा अघि बढिनेछ ।

२२ वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई वचततर्फ प्रोत्साहन गरी लगानी प्रबर्धन तथा रोजगारी उत्पादन गरी श्रमको बहिर्गमनलाई रोक्ने प्रयास गरिनेछ ।

२३ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिदै असक्षमहरुको घरदैलोमा रकम वितरण गर्न बैंकहरुलाई शाखारहित बैंकिंग प्रणाली अपनाउन अनुरोध गरिनेछ ।

२४ कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रहरुको पहिचान, मूल्य अभिबृद्धियुक्त उत्पादन, व्यवसायिक खेति, नगदे खेति एवं उच्च संभावनायुक्त फलफुलहरुको खेति, कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आबद्ध गर्ने, सिंचाई, मल बीउको सहज उपलब्धता, सिचाईको विस्तारमा जोड दिइनेछ ।

२५ कृषि, पर्यटन र व्यापारको प्रबर्धन गर्दै स्थानीय पूर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग पुग्ने गरी सञ्चालन गरिनेछ ।

२६ विकासमा जनसहभागिता सुनिश्चितता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न नगरपालिकाले सञ्चालन गर्ने प्रबर्धनात्मक कार्यक्रम बाहेक अन्य

पुँजी निर्माणका कार्यक्रममा उपभोक्ता समितिको नगद एवं श्रम तथा वस्तुगत सहभागितालाई निरन्तरता दिइनेछ ।

२७ प्रत्येक नागरिकको स्वास्थ्य प्रबर्धन, उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने, आफूले खरिद गरेको वस्तु तथा सेवाको पूर्ण जानकारी प्राप्त गर्ने लगायतका व्यवस्थाका लागि वजारको अनुगमन तथा उपभोक्ता हितको संरक्षण गर्ने कार्यलाई तीव्रता दिइनेछ ।

२८ उच्च संभावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास गरी पर्यटन एवं व्यवसायिक क्षेत्रलाई आबद्ध गरी सार्वजनिक निजी क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

२९ अबैज्ञानिक भू उपयोगलाई नियन्त्रण गर्न, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगर क्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एवं पहिरो नियन्त्रणका लागि कार्यक्रम सञ्चालन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३० उर्जा सुरक्षालाई ध्यान दिई बिद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रबर्धन, सडक सौर्यबत्ति जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

३१ नगरको विपद् व्यवस्थापन योजना अनुसार राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद नक्सांकन, तालिम, विपद व्यवस्थापन कोष, आपतकालीन कार्य सञ्चालन लगायतका कार्य सञ्चालन गरिनेछ ।

३२ सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ ।

३३ शहरी सुन्दरता प्रबर्धनका लागि बगैचा एवं पार्क निर्माण शहरी बृक्षारोपण, बिश्रामस्थलहरुको निर्माण गरिनेछ ।

३४ सांस्कृतिक सम्पदाहरुको संरक्षण, परम्परागत संस्कृतिको प्रबर्धन, धार्मिक सम्पदाहरुको विकाससम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

३५ आर्थिक एवं सामाजिक रुपले विपन्न बर्गको संरक्षण र हितको कार्यक्रम, लैंगिक समनता तथा सामाजिक समाबेशीकरण, क्षमता विकास कार्यक्रम, लक्षित बर्ग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३६ फोहोर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिई, जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा

नियमन र दुरुत्साहन, व्यवस्थित डम्पिंग साइटको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

३७ स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सर्बसाधारणको पहुँचयोग्य बनाउन प्रयास गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनमा जोड दिइनेछ ।

३८ मदिरा तथा सुर्तिजन्य बस्तुको प्रयोग तथा बिक्रीवितरणलाई नियमन गरिनेछ । लागु पदार्थ दूर्व्यसनलाई नियन्त्रण र सचेतनामूलक कार्यक्रमका लागि पहल गरिनेछ ।

३९ वैज्ञानिक वन ब्यबस्थापन, बृक्षरोपण, बन पैदावार व्यवस्थापन, वन्यजन्तुको सुरक्षाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

४० अपांगता भएका व्यक्तिको संरक्षण, ज्येष्ठ नागरिकको सम्मान, बालबालिकाको विकासका लागि वालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

४१ खेल प्रतियोगिता र खेल प्रतिभा पहिचानलाई प्रोत्साहन गर्नुका साथै खेल पूर्वाधार निर्माणसम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४२ नगरको सुरक्षाका लागि एकीकृत रुपमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी नगर सुरक्षा योजना निर्माण गरिनेछ ।

४३ आफ्नो अधिकार क्षेत्रभित्र रही सूचना तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउनका लागि आवश्यक पहलकदमी गरिनेछ ।

४४ सार्वजनिक प्रशासनयन्त्रलाई चुस्त, दुरुस्त, सेवाग्राहीमैत्री, सुशासनयुक्त, सक्षम, प्रविधिमैत्री बनाउँदै कार्यसम्पादन करारको अबधारणाई लागु गरिनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक जनशक्तिको पहिचान गरिनेछ ।

४५ न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिइनेछ ।

४६ नगर क्षेत्रका सार्वजनिक जग्गाहरुको खोजी, संरक्षण, उपयोग र सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई निरुत्साहन गर्न प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।

४७ सवै वडामा वडास्तरिय खेल मैदान निर्माण गरिने छ ।यो आव मा केन्द्र वा आसपास वडामा सम्भव्यता अध्ययन गरी निर्माण गर्ने निती लिइनेछ ।

४८ सम्पुर्ण जाति लिग वर्ग अल्पसंख्यक मुस्लिम लगायत सम्पुर्ण समुदायमा जातिय तथा सामाजिक सद्भाव कायम राख्दै सुन्दर जैमिनी निर्माणमा जोड दिइनेछ ।

४९ नगरपालिकाको कार्यसम्पादनमा निरन्तर सहयोग पुर्याउने बिभिन्न राजनीतिक दल, नेपाल सरकारका विभिन्न निकायहरु, गैरसरकारी संस्थाहरु, निजी क्षेत्र लगायत नगरपालिकाका कर्मचारीहरुलाई समेत बिशेष धन्यबाद दिन चाहन्छु ।

**धन्यबाद ।**